# महालक्ष्मी राजपत्र

## खण्ड : ५, सङ्ख्याः ५, भाग–२

## मिति २०७८/०५/३०


## महालक्ष्मी नगरपालिका

# महालक्ष्मी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरणसम्बन्धी निर्देशिका, २०७८

प्रस्तावनाः यस नगरपालिका क्षेत्रभित्र सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई नगर भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले, यस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

# परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "महालक्ष्मी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरणसम्बन्धी निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका नगरकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी संस्थाद्वारा सञ्चालित पन्ध्र शय्यासम्मको जनरल अस्पताल, आयुर्वेद अस्पताल, दन्त रोग अस्पताल सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) "निजी अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना भई नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त पन्ध्र शय्यासम्मको निजी अस्पताल सम्झनुपर्छ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा विभाग सम्झनुपर्छ ।

(ङ) "भवन निर्माण मापदण्ड" भन्नाले महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण मापदण्ड, २०७४ सम्झनुपर्छ । सो शब्दले उक्त मापदण्डमा भएको वा हुने संशोधन समेतलाई जनाउँदछ ।

(च) "प्राविधिक समिति" भन्नाले अनुसूची-१ बमोजिमको समिति सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

(ज) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने पन्ध्र **शय्या**सम्मका स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ।

(झ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्य लिई नगरपालिकाबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त पन्ध्र **शय्या**सम्मका अस्पताल सम्झनुपर्छ।

(ञ) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्यसम्बन्धी जाँच गर्ने, उपचारसम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि प्रचलित कानूनबमोजिम दर्ता भएका संस्थालाई सम्झनुपर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद, होमियोप्याथिक क्लिनिक, वैकल्पिक चिकित्सा सेवा क्लिनिक र त्यस्तै प्रकारका अन्य क्लिनिक समेतलाई सम्झनुपर्छ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भई नगरपालिकाबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त दफा ३ बमोजिमका संस्था सम्झनुपर्छ।

(ठ) "संस्था दर्ता गर्ने निकाय" भन्नाले स्वास्थ्य सेवा सञ्चालन अनुमति लिनुपूर्व प्रचलित कानुनबमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्छ।

# परिच्छेद २

# स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्नेः (१) नगरपालिकाले देहायबमोजिमका स्वास्थ्य संस्थालाई इजाजतपत्र दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक

(ख) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र(मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग, ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु,

(ग) जेरियाट्रिक परामर्श केन्द्र,

(घ) डि र ई वर्गको प्रयोगशाला,

(ङ) **१५ शय्या** सम्मको अस्पताल

४. पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनुपर्नेः (१) स्वास्थ्य संस्थाको स्थापना वा थप सेवा विस्तार र स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि कार्यालयसमक्ष मनसाय पत्रका लागि अनुसूची-२ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) अस्पतालजन्य फोहोर व्यवस्थापनको प्रबन्ध

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसङ्ख्या / जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान,

(३) निवेदन दिएको तीस दिनभित्र अनुगमन समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन कार्यालयसमक्ष पेश गर्नुपर्नेछ । अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा स्वास्थ्य संस्थाको प्राविधिक पक्षको विश्लेषण गरी प्रतिवेदन पेश गर्न कार्यालयले प्राविधिक समिति खटाउनेछ ।

(४) प्राविधिक समितिले प्रचलित कानुनबमोजिम सम्बन्धित स्वास्थ्य संस्थाको लागि तोकिएको न्यूनतम पूर्वाधार, जनशक्ति, उपकरण एवम् अन्य आवश्यक प्राविधिक पक्षको अनुगमन तथा विश्लेषण गरी सुझाव समेतको प्रतिवेदन अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसाय पत्र (Letter of Intent) प्रदान गर्न अनुगमन समितिले नगर प्रमुखमार्फत् कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(६) कार्यपालिकाले मनासिब देखेमा सम्बन्धित स्वास्थ्य संस्थालाई पूर्वाधार निर्माणका लागि मनसाय पत्र प्रदान गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको अवधिभित्र मनासिब कारण परी पूर्वाधार निर्माण गर्न नसकेको अवस्थामा समयावधि थपका लागि सम्बन्धित स्वास्थ्य संस्थाले अनुरोध गरेमा तोकिएको दस्तुर लिई कार्यपालिकाले औचित्यको आधारमा बढीमा दुई वर्षमा नबढ्ने गरी समयावधि थप गर्न सक्नेछ ।

५. सञ्चालन अनुमति दिन सकिनेः (१) दफा ४ को उपदफा (६) र (७) बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि प्रस्तावित स्वास्थ्य संस्थाले सेवा सञ्चालनको अनुमतिका लागि अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अनुगमन समितिले प्रस्तावित स्वास्थ्य संस्थाले तयार गरेको पूर्वाधारको अनुगमन गरी स्वास्थ्य संस्था सञ्चालन अनुमति दिने सम्बन्धमा राय सहितको प्रतिवेदन नगर प्रमुखमार्फत् कार्यपालिका समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा कार्यपालिकाको स्वीकृतिमा कार्यालयले पाँच वर्षको लागि अनुसुची-४ बमोजिमको ढाँचामा सेवा सञ्चालन अनुमति दिन सक्नेछ ।

(४) सम्बन्धित निकायबाट दर्ता एवम् स्वीकृति लिई स्वास्थ्य सेवा सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले यो निर्देशिका प्रारम्भ भएको ६ महिनाभित्र स्वास्थ्य संस्था दर्ता तथा सञ्चालन अनुमति नवीकरणका लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछन् । कार्यालयले अनुगमन समितिको सिफारिसको आधारमा तोकिएको दस्तुर लिई नवीकरण गर्न सक्नेछ ।

(५) यो निर्देशिका लागु हुनुपूर्व स्वास्थ्य संस्था दर्ता तथा सञ्चालन अनुमतिका लागि कार्यालयमा निवेदन दर्ता गरेका स्वास्थ्य संस्थालाई यसै निर्देशिक

बमोजिमको प्रक्रिया पूरा गरी तोकिएको दस्तुर लिई स्वास्थ्य संस्था दर्ता एवम् सञ्चालन अनुमति दिन सकिनेछ ।

६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्नेः(१) स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा विस्तार गरी सेवा सञ्चालन गर्नका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि अनुगमन समितिबाट अनुगमन गरी उक्त समितिको प्रतिवेदनका आधारमा कार्यालयले उक्त स्वास्थ्य संस्थालाई सेवा विस्तार वा शाखा विस्तार गर्न अनुमति दिन सक्नेछ।

७. पूर्वाधार अद्यावधिक गर्नुपर्ने :(१) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अगावै स्वास्थ्य संस्था दर्ता गरी सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यो निर्देशिका लागु भएको १ वर्षभित्र यस निर्देशिकाबमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरी कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड तथा पूर्वाधार अद्यावधिक नगर्ने स्वास्थ्य संस्थाको सञ्चालन अनुमति नवीकरण गरिने छैन ।

८. बिमा गर्नुपर्ने : स्वास्थ्य संस्थाले भौतिक पूर्वाधारको अनिवार्य रुपमा बिमा गराउनु पर्नेछ ।

९. व्यवसाय दर्ता गर्नुपर्नेः सञ्चालन अनुमति प्रदान गरिने स्वास्थ्य संस्थाले कानुनबमोजिम व्यवसाय दर्ता र नवीकरण गर्नुपर्नेछ ।

१०. स्वास्थ्य संस्था दर्ता तथा सेवा सञ्चालन अनुमति दस्तुरः स्वास्थ्य संस्था दर्ता सेवा सञ्चालन अनुमति, नवीकरण, पूर्वाधार निर्माण अनुमति तथा म्याद थप दस्तुर कार्यालयको आर्थिक ऐनबमोजिम हुनेछ ।

११. नवीकरण गराउनुपर्ने : (१) स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजत प्राप्त स्वास्थ्य संस्थाले इजाजतपत्र जारी भएको मितिले प्रत्येक पाँच वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र नवीकरण गर्न स्वास्थ्य संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिनाअघि अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपश्चात् तोकिएको दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र मनासिब कारण परी स्वास्थ्य संस्थाले निवेदन पेश गर्न नसकेको अवस्थामा कारण खुलाई थप तीन महिनाभित्र नवीकरणको लागि निवेदन दिन सक्नेछन् । यसरी पेश गरेको कारण सन्तोषजनक देखिएमा नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई कार्यालयले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनुपर्नेछ ।

१२. गुणस्तर तथा मापदण्ड अनुगमनसम्बन्धी व्यवस्था : (१) इजाजत प्राप्त स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको गुणस्तर सम्बन्धमा प्रत्येक बर्ष स्वमूल्याङ्कन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र कार्यालय समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र स्वमूल्याङ्कन प्रतिवेदन पेश नगरेमा त्यस्तो स्वास्थ्य संस्थाको सञ्चालन अनुमति नवीकरण गरिने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको सङ्ख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाइएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा एक महिनाको म्याद दिन सकिनेछ ।

(५) स्वास्थ्य संस्था दर्ता तथा सेवा सञ्चालन अनुमति दिइएका स्वास्थ्य संस्थाको निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सेवा पूर्ण वा आंशिक रुपमा बन्द गर्न कार्यालयले आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।

(७) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानुनबमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

१३. <u>स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने :</u> स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एकभन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न कार्यालय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् । यस्तो निवेदनका सम्बन्धमा अनुगमन समितिको सिफारिसको आधारमा कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

# परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तरसम्बन्धी व्यवस्था

१४. स्वास्थ्य सेवा सञ्चालन : (१) कुनै पनि स्वास्थ्य संस्थाले सञ्चालन अनुमति नलिई दर्ता एवम् स्वास्थ्य सेवा सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) विपरीत सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्था वा त्यस्तो संस्थामा रही सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई कानुनबमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

१५. पुनरावेदन दिन सक्ने : (१) दफा १४ को उपदफा(२) बमोजिम कार्यालयले दिएका आदेश उपर चित्त नबुझ्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले त्यस्तो आदेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारणसहित पुनरावलोकनका लागि नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१)बमोजिम प्राप्त भएको निवेदन उपर नगर प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

१६. गुणस्तर सुनिश्चिततासम्बन्धी मापदण्डः (१) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्दा सेवाको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका मापदण्डहरुको समेत पालना गरेको हुनुपर्नेछ :

(क) बहिरङ्ग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेको मापदण्डबमोजिम सङ्क्रमण नियन्त्रण (Infection Prevention) को

व्यवस्था हुनुपर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थामा बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखेको हुनुपर्नेछ ।

(ङ) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(च) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(छ) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सरसफाइ गर्नुपर्नेछ ।

(ज) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(झ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ञ) सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter) अनुसूची-६ बमोजिमको

ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नुपर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ट) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनुपर्नेछ ।

(ठ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था मिलाएको हुनुपर्नेछ।

(ड) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा सर्तसम्बन्धी विनियम बनाएको हुनुपर्नेछ ।

(ढ) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(ण) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्नेछ ।

(त) अस्पतालमा आकस्मिक सेवातर्फ आकस्मिक **शय्या** क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ ।

(थ) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने र रिफर गर्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ ।

(द) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल **शय्या**को दश प्रतिशत **शय्या** छुट्याई निःशुल्क उपचार सेवा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(ध) खण्ड (**द**) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन कार्यालयमा नियमित रुपमा पठाउनुपर्नेछ ।

(न) अस्पतालहरुमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनपर्ने र उनीहरुका लागि आवश्यक मात्रामा **शय्या** छुटयाउनुपर्नेछ ।

(प) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन निर्माण मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(फ) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी त्यसको जानकारी  कार्यालयमा दिनु पर्नेछ ।

(ब) अस्पतालले सूचना अधिकारी तोक्नुपर्नेछ ।

# परिच्छेद ४

# सामान्य अस्पतालसम्बन्धी मापदण्डहरू

१७. अस्पतालको पूर्वाधारसम्बन्धी मापदण्डहरु : (१) अस्पतालले सामान्य सेवा सञ्चालन गर्दा देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ

(क) अस्पताल रहने स्थान धुवाँ, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको हुनुपर्नेछ ।

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षा व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) अस्पताल स्थापना हुने स्थान सहज सडक यातायातको पहुँच भएको हुनुपर्नेछ ।

(घ) पानी, बिजुली र सञ्चार सुविधा उपलब्ध भएको हुनुपर्नेछ ।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त व्यवस्था भएको हुनुपर्नेछ ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा बगैंचाको व्यवस्था भएको हुनुपर्नेछ ।

(छ) जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(२) आकस्मिक सेवाका लागि देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) कुल शय्या क्षमताको कम्तीमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शय्याहरू उपलब्ध हुनुपर्नेछ। आकस्मिक सेवाका लागि छुट्याएको शय्यामध्ये अति सिकिस्त, सिकिस्त, सामान्य बिरामी र मृत्यु भएका व्यक्तिलाई राख्ने शय्या छुट्टा छुट्टै व्यवस्था मिलाउनु पर्नेछ।

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने -व्हिलचियर/ट्रली ,स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ।

(ग) आकस्मिक कक्षमा प्रतीक्षालय, शौचालय, ट्रायज रुम, चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनीयता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनुपर्नेछ।

(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनुपर्नेछ।

(ङ) पन्ध्र शय्या क्षमताका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक on duty मा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ।

(च) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि विपद् व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ।

(छ) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS)/ Advance Trauma Life Support (ATLS)आदिसम्बन्धी तालिम  लिएको हुनुपर्नेछ।

(३) बहिरङ्ग विभागका लागि देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) अस्पतालबाट प्रदान हुने सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको ।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, बालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसुती सेवाको व्यवस्था भएको ।

(ग) उपलब्ध चिकित्सकहरुमध्ये सेवाग्राहीले सम्भव भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरङ्ग विभागका लागि देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :

(क) अस्पतालमा शल्यक्रिया पश्चात् पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनुपर्ने र तत्पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल स्वास्थ्यकर्मी उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने ।

(ख) नर्सिङ्ग ड्युटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नुपर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शय्यामा कल बेल राख्नुपर्ने ।

(५) एलाइड हेल्थ तथा निदानात्मक सेवाका लाीग देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था  भएको हुनुपर्ने ।

(ख) रेडियो इमेजिङ सेवा कक्षहरू, ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई

समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हीलचेयर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतीक्षालय, शौचालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनुपर्ने ।

(६) अस्पतालमा पोषण, खोप, मातृशिशु स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीतिबमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनुपर्नेछ ।

(७) औषधि पसल (Pharmacy)का लागि देहायबमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) अस्पताल हाताभित्र रहने औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नुपर्नेछ ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ साथै ताप संवेदनशील औषधि तथा खोप भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ ।

(घ) उपचारमा प्रयोग गरिने लागुऔषधहरु (Narcotic drugs) लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्क्रिप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ। साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख

भएकोमा सोहीबमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिकाबमोजिमको विधि अपनाई नष्ट गर्नुपर्नेछ ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा सञ्चालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण सर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(ज) औषधिको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ ।

(झ) भवन निर्माण मापदण्डमा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनुपर्नेछ ।

(८) रक्त सञ्चार सेवा (Blood Bank) का लागि देहायबमोजिमको पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनुपर्ने । सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(ख) ब्लड बैंक सञ्चालन सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै व्यवस्था गरेको हुनुपर्नेछ ।

(९) अस्पताल व्यवस्थापन (Hospital Management)कालागि देहायबमोजिमको पूर्वाधार हुनुपर्नेछ :-

(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माणसम्बन्धी निर्देशिका, २०७३ मा व्यवस्था भए अनुरुप स्वीकृत भएको हुनुपर्नेछ । नेपाल सरकारले अस्पतालका सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोहीबमोजिम र उपत्यकाको हकमा काठमाण्डौ उपत्यका विकास प्राधिकरणबाट अस्पताल भवन निर्माणसम्बन्धी योजना स्वीकृत भएको हुनुपर्नेछ साथै नगरपालिकाको भवन निर्माण मापदण्डअनुरुपको मापदण्ड पूरा भएको हुनुपर्नेछ ।

(ख) भवनमा सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षासम्बन्धी सङ्केत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनुपर्नेछ ।

(ग) अस्पतालका कोठाहरुमा उपयुक्त भेन्टिलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनुपर्नेछ ।

(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।

(ङ) अस्पतालमा ह्विलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/र्‍याम्पको व्यवस्था भएको  हुनुपर्नेछ ।

(च) अस्पतालको कुल निर्माण क्षेत्रफल प्रति **शय्या ५५** वर्ग मीटरका दरले हुनुपर्नेछ । उक्त क्षेत्रभित्र सोधपुछ, दर्ता कक्ष, प्रतीक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनुपर्नेछ । सोबाहेक भान्सा घर, लुगाधुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डार कक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनुपर्नेछ ।

(छ) प्रतीक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ज) आफ्नो जग्गा नभएका पन्ध्र **शय्या**का अस्पतालले घर जग्गा भाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भूकम्पीय जोखिम प्रतिरोध क्षमता भएको भनी नगरपालिकाको मापदण्डबमोजिमको प्राविधिक समितिबाट प्रमाणित गरेको हुनुपर्नेछ ।

(झ) बहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तीमा चौध वर्ग मीटर हुनुपर्नेछ। शौचालय, प्रतीक्षालयकालागि पर्याप्त स्थान हुनुपर्नेछ।

(ञ) अस्पतालभित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग ढोका हुनुपर्नेछ ।

(ट) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

(ठ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन, एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ । न्यूनतम पार्किङ कुल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन **शय्या**का लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थलमध्ये जुन बढी हुन्छ सोही अनुसार हुनुपर्नेछ ।

(ड) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री हुनुपर्नेछ ।

(ढ) व्हिलचेयर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

(१०) फोहरमैला व्यवस्थापनका लागि देहायबमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) अस्पतालबाट निष्कासित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० र प्रचलित कानुनले तोकेबमोजिम हुनुपर्नेछ ।

(ख) अस्पतालबाट निष्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने, सङ्कलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) अस्पतालबाट सिर्जित सङ्क्रमणजन्य फोहोरलाई निसङ्क्रमण गरेर अन्तिम व्यवस्थापन  गर्नपनर्छे ।

(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजिटल प्रविधियुक्त उपकरण प्रयोग गर्नुपर्नेछ ।

(११) अस्पतालसम्बन्धी माथि उल्लिखित मापदण्डका अतिरिक्त देहायबमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछ :

## (१) अस्पतालका लागि आवश्यक भौतिक पूर्वाधार(१५ शय्या सामान्य सेवा)

| सि.न. | पूर्वाधार |
|---|---|
| १ | जग्गा<br>क) ५५ बर्ग मिटर प्रति**शय्या** |
| | ख) (१) भवन संहिता मापदण्ड अनुसार खाली जग्गा हुनुपर्नेछ ।<br>(२) २५ प्रतिशत जग्गा पार्किङका लागि छुट्याउनु पर्नेछ ।<br>(३) ३ **शय्या**को अनुपातमा एक कार पार्किङ स्थल हुनुपर्ने (फरक पर्न  आएमा जुनले बढी हुन्छ सोहीलाई आधार मान्नुपर्ने) |

२) आकस्मिक सेवा सञ्चालन गर्न देहायबमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछः

| सि.न | विवरण | १५ शय्या सेवा |
|---|---|---|
| १ | सवारी साधन जान सक्ने र सडकसँग बाटो जोडिएको | ✓ |
| २ | सवारी साधन आवतजावत गर्न सक्ने पर्याप्त ठाउँ | ✓ |
| ३ | प्रवेश मार्ग र बहिर्गमन मार्ग अलग अलग | स्वेच्छिक |
| ४ | प्रतीक्षालय | ✓ |
| ५ | सोधपुछ/सम्पर्क गर्ने कक्ष | ✓ |
| ६ | शल्यक्रिया कक्ष | माइनर |
| ७ | प्रतिकारात्मक / प्रबद्धनात्मक सेवा | खोप, मातृ शिशु सेवा, स्वास्थ्य शिक्षा, श्रव्यदृश्य |
| ८ | शव गृह | कोठा |
| ९ | क्यान्टिन सेवा | ✔ |
| १० | मर्मत सेवा | ✔ |
| ११ | व्हिल चेयर,ट्रली, स्ट्रेचर राख्ने ठाउँ र काम गर्ने व्यक्ति | १।१ वटा |
| १२ | बिरामी छनौट गर्ने ठाउँ (TRIAGE) | ✓ |
| १३ | परीक्षण गर्ने कक्ष * | २* |
| १४ | उपचार **शय्या** * | ३* |
| १५ | अवलोकन कक्ष **शय्या***  | १* |
| १६ | आकस्मिक कक्ष | २ |

३) आकस्मिक सेवा सञ्चालन गर्न देहायबमोजिमको उपकरण हुनुपर्नेछः

| सि. न | विवरण | १५ शय्या सेवा |
|---|---|---|
| १ | डाइग्नोस्टिक सेट | १ |
| २ | आकस्मिक कार्यको लागि औषधि सहितको कार्ट (ट्रली) | १ |
| ३ | CVP Line Set | १ |
| ४ | निवुलाइजर सेट | १ |
| ५ | वाटरसिल ड्रेनेज सेट | १ |
| ६ | सूचना पाटी | १ |
| ७ | व्हिल चियर, ट्रली, स्ट्रेचर | ✓ |
| ८ | Foot step | ✓ |
| ९ | वैकल्पिक विद्युत् व्यवस्था | ✓ |
| १० | ग्यास्ट्रिक ट्युव/N/G tube Aspiration set | ✓ |
| ११ | डुस सेट (Enema) | ✓ |
| १२ | खुट्टाले चलाउने सक्सन मेसिन (Non Electric) | ✓ |
| १३ | Area Room(Beds) | R 1 , Y + G =2OB1,Bo |

Red(R) = अति सिकिस्त बिरामीको सेवा दिने **शय्या** = १ %

Yellow (Y) = सिकिस्त बिरामीको सेवा दिने **शय्या** = २ %

Green (G) = सामान्यबिरामीको सेवा दिने **शय्या** = ३ %

Black(B) = मृत्यु भईसकेका बिरामीलाई राख्ने **शय्या** = १ %

Observation Room /Bed = 3%

(४) बहिरङ्ग सेवा सञ्चालनको लागि अस्पतालले देहायका पूर्वाधार तथा मापदण्डहरुको पालना गरेको हुनुपर्नेछ -

| सि. न | विवरण | १५ शय्या सेवा |
|---|---|---|
| 1 | सोधपुछ कक्ष/नगद काउन्टर (sq.m) | 1(28) |
| 2 | स्वास्थ अभिलेख कक्ष(sq.m) | 1(10.5) |
| 3 | Janitor's closet(sq.m) | 1(3.5) |
| 4 | प्रतीक्षालय(sq.m) | 1(28.0) |
| 5 | टेलिफोन | 1 |
| 6 | शौचालय(महिला र पुरुष) | 2(17.5) 1+1 |

## ओ पि डि कक्ष

1. Consultation room
2. Treatment and Dressing room (if necessary)
3. Sub Waiting room

| SN | Inpatient (General Ward) | 15 beds |
|---|---|---|
| 1 | Ward Area (Per bed / 7sqm) | ✓ |
| 2 | Nursing station(sqm) | 1(17.5) |
| 3 | Nurse's changing room | ✓ |
| 4 | Treatment room(sqm) | 1(10.5) |
| 5 | Clean Utility room(sqm) | 1(14) |
| 6 | Ward Kitchen /Pantry(sqm) | 1(10.5) |
| 7 | Sluice room(sqm) | 1(10.5) |

# परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

१८. जनशक्ति विकास योजना : अस्पतालको शय्या क्षमताका आधारमा देहायबमोजिमको न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ :-

| क स | पद | ङ्ख्यास |
|---|---|---|
| १ | फिजिसियन | १ |
| २ | सर्जन | १* |
| ३ | बालरोग विशेषज्ञ | १* |
| ४ | हाड तथा जोर्नी विशेषज्ञ | १* |
| ५ | स्त्रीरोग विशेषज्ञ | १* |
| ६ | यौन तथा छाला रोग विशेषज्ञ | १* |
| ७ | प्याथोलोजिस्ट/बायोकेमिस्ट /माइक्रोबायोलोजिस्ट | १* |
| ८ | मेडिकल टेक्नोलोजिस्ट | # |
| ९ | ल्याब टेक्निसियन | १ |
| १० | ल्याब असिस्टेन्ट | १ |
| ११ | रेडियोलोजिस्ट | १* |
| १२ | रेडियोग्राफी टेक्नोलोजिस्ट/ रेडियोग्राफी अधिकृत/वरिष्ठ रेडियोग्राफर | १ |
| १३ | नाक,कान, घाँटी रोग सर्जन | १* |

| क स | पद | ङ्ख्यास |
|---|---|---|
| १४ | नेफ्रोलोजिष्ट | १* |
| १५ | अप्थल्मोलोजिष्ट | १* |
| १६ | एनेस्थेटिष्ट | १* |
| १७ | डेन्टल/बि.डि.एस. | १* |
| १८ | मुटुरोग विशेषज्ञ | १* |
| १९ | स्नायुरोग विशेषज्ञ | १* |
| २० | मानसिक रोग विशेषज्ञ | १* |
| २१ | एम.डि.जी.पि. | १*! |
| २२ | मेडिकल अधिकृत (एम.बी.बी.एस) | ४ |
| २३ | मे.सू/निर्देशक | १* |
| २४ | मेट्रोन | १* |
| २५ | सहायक मेट्रोन | १* |
| २६ | सिष्टर/बि.एन. | १ |
| २७ | स्टाफ नर्स | ५<br>• जनरल कक्ष- प्रति चारदेखि छ शय्यामा एक जना<br>• ईमर्जेन्सी कक्ष- प्रति दुई शय्यामा एक जना<br>• प्रसुती कक्ष- लेवर वेडमा प्रति वेड एस.वी.ए.(Skill Birth Attendants) तालिम प्राप्त दुई जना |

| क स | पद | ङ्ख्यास |
|---|---|---|
| २८ | अ.न.मी | ५ |
| २९ | हे.अ/ सि. अ.हे.ब. | २ |
| ३० | अ.हे.ब. | ५ |
| ३३ | फिजियोथेरापिष्ट | १* |
| ३४ | दन्त सहायक | १* |
| ३५ | हाउस किपर | १ |
| ३६ | अस्पताल प्रशासक | १* |
| ३७ | सहायक प्रशासक | ~ |
| ३८ | लेखा अधिकृत | |
| ३९ | मेडिकल रेकर्डर | १ |
| ४० | लेखापाल/स.लेखापाल | १ |
| ४१ | रिसेप्सनिस्ट | ~ |
| ४२ | स्टोर किपर | ~ |
| ४३ | फर्मासिष्ट/फार्मेसी सहायक | १# |
| ४४ | इसिजी टेक्निसियन | १* |
| ४५ | डाइटिसियन | १* |
| ४६ | वार्ड एटेन्डेन्स महिला/पुरुष | ~ |
| ४७ | सुरक्षा गार्ड | ~ |
| ४८ | अडियोलोजी असिस्टेन्ट | १* |
| ४९ | स्पिच थेरापिष्ट | १* |
| ५० | एनेस्थेसिया असिस्टेन्ट | १* |

| क स | पद | ङ्ख्यास |
|---|---|---|
| ५१ | ईमर्जेन्सी फिजिसियन | |
| ५२ | ईमर्जेन्सी पारामेडिक्स | १+१# |
| ५३ | ईमर्जेन्सी नर्स | १+१# |

** = Desirable

# = Part time

^ = If ICU with ventilator

! = If other (at least Gynaecologist and Pediatrician) specialist are) not available then mandatory

@ = Masters in Nursing

~ = As per need

(२) कम्तीमा दुई तिहाइ पूर्णकालीन स्वास्थ्यकर्मी हुनु पर्नेछ ।

(३) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र आवश्यक पर्नेछ ।

(४) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलवाट दर्ता नम्बर लिएको हुनुपर्नेछ तर विदेशी स्वास्थ्यकर्मी वा स्वयम्सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलबाट स्वीकृति लिएको हुनु पर्नेछ ।

(५) १५ शय्या क्षमता अस्पतालमा अन्य विशेषज्ञ उपलब्ध नभएतापनि एक जना एम. डी. जी. पी. अनिवार्य हुनु पर्नेछ ।

# परिच्छेद ६

## औजार तथा उपकरणहरु

१९. उपकरण सम्वन्धी मापदण्डः अस्पतालमा रहने प्रयोगशाला तथा उपकरणको हकमा देहायमा उल्लेख भएबमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(क) प्रयोगशालाका औजार तथा उपकरणहरु **(Laboratory Instruments) :**

| सिन | विवरण | एकाई | १५ शय्यासम्म |
|---|---|---|---|
| १ | Microscope | pcs | 1-3 |
| २ | Microtome | pcs | - |
| ३ | Tissue processor | pcs | - |
| ४ | Slide Stainer (Histo) | pcs | - |
| ५ | Tissue Floating water bath | set | - |
| ६ | Immuno histo-chemistry set | set | - |
| ७ | Auto Analyzer (Bio Chemistry) | set | - |
| ८ | Semi Auto Alalyzer (Bio Chemistry) | set | 1 |
| ९ | Elisa reader with Washer | set | - |
| १० | Incubator | set | 1 |
| ११ | Chemical Balance | set | 1 |
| १२ | Electrolyte Analyzer | set | 1 |
| १३ | Colorimeter | Set | 1-3 |
| १४ | Hot air Oven | Set | 1 |
| १५ | Autoclave | Set | 1 |
| १६ | Refrigerator | Set | 1-2 |

| सि न | विवरण | एकाई | १५ शय्यासम्म |
|---|---|---|---|
| १७ | Coagulometer for coagulation profile | set | - |
| १८ | Blood cell counter(18 parameters or above) | pcs | 1* |
| १९ | Blood gas analyzer | Set | - |
| २० | Generator | set | 1 |
| २१ | Centrifuge | pcs | 2 |
| २२ | Laminar hood | | - |
| २३ | Counting Chamber | pcs | 1-2 |
| २४ | DLC counter | pcs | 1-2 |
| २५ | Pipettes, Glassware/kits /Consumables | pcs | |
| २६ | Biosafety Cabinet (Class II) | | - |
| २७ | Incinerator | set | 1 |
| २८ | Glassware/kits/ reagent consumables | | |
| २९ | Computer with printer | set | 1 |
| ३० | Adequate number of Furniture should be available. | | |

## Imaging Equipments:

| सि न | विवरण | १५ शय्यासम्म |
|---|---|---|
| १ | 300 ma X-ray machine | १ |
| २ | 100 ma X-ray machine (MOBILE) | स्वैच्छिक |
| ३ | Dry View Processer (CR System) | स्वैच्छिक |
| ४ | Dental X-ray machine | स्वैच्छिक |
| ५ | Ultra-sound machine | स्वैच्छिक |

## Special Newborn Care Unit(SNCU) Equipment

### General Equipment for SNCU :

| सि न | विवरण | १५ शय्यासम्म |
|---|---|---|
| १ | Electronic weighing scale | 5 (essential) |
| २ | Infantometer | 5 (essential) |
| ३ | Emergency drugs trolley | 5 (essential) |
| ४ | Procedure trolley | 5 (essential) |
| ५ | Wall clock with seconds hand | 1 for each room |
| ६ | Refrigerator | 1 for the unit |
| ७ | spot lamp | 5 (essential) |
| ८ | Portable x-ray machine | 1 for the unit (essential) |
| ९ | Basic surgical instruments e.g. fine scissors, scalpel with blades, fine artery forceps, suture material & needles, towel, clips etc. | 1 set per bed (essential) |
| १० | Nebulizer | 1 for the unit |
| ११ | Multi-channel monitor with non-invasive BP monitor (3 size: 0, 1, 2-disposable in plenty-reusable neonatal probe, at least 4) | 4 (desirable) |
| १२ | Room Thermometer | 4 (essential) |

### Equipment for disinfection of Special Newborn Care Unit:

| सि न | विवरण | १५ शय्यासम्म |
|---|---|---|
| १ | Electric heater/boiler | 2 (essential) |
| २ | Washing machine with dryer (separate) | 1 (essential) |

| सि न | विवरण | १५ शय्यासम्म |
|---|---|---|
| ३ | electronic fumigator | 2 (essential) |
| ४ | Vacuum Cleaner | 1 (essential) |
| ५ | Gowns for doctors, nurses, neonatal aides, Group D staff & mothers | Adequate number of each size (essential) |
| ६ | Washable slippers | Adequate number of each size (essential) |
| ७ | Vertical Autoclave | 1 (essential) |
| ८ | Autoclave drums (large & medium & small sizes) | At least 6 of each size (essential) |
| ९ | Disinfectant Sprayer | 1 (essential) |
| १० | Container for liquid disinfectant | 2 (essential) |
| ११ | Formalin Vaporizer | 1 (essential) |
| १२ | Hot Air oven | 1 (desirable) |
| १३ | Ethylene oxide (ETO) Sterilizer | 1 (desirable) |

List of emergency and essential drugs:

| सि न | औषधीको नाम |
|---|---|
| १ | Dextrose 5% Saline (Inj) |
| २ | Dextrose 10% Saline (Inj) |
| ३ | Dextrose 25% (Inj) |
| ४ | Dextrose 50% (Inj) |
| ५ | Diazepam, Lorazepam, Amdazolam (Inj) |
| ६ | 5 % Dextrose Saline (Inj) |

| सि न | औषधीको नाम |
|---|---|
| ७ | Dopamine (Inj) |
| ८ | Pentazocine (Inj) |
| ९ | Hydrocortisone (Inj) |
| १० | Frusemide (Inj) |
| ११ | Mannitol (Inj) |
| १२ | Metronidazole (Inj) |
| १३ | Morphine (Inj) |
| १४ | Nitroglycerine, Labetolol (Inj) |
| १५ | Normal Saline (Inj) |
| १६ | Paracetamol (Inj) |
| १७ | Metachlopramide (Inj) |
| १८ | Pethidine (Inj) |
| १९ | Phenergan (Inj) |
| २० | Potassium Chloride (Inj) |
| २१ | Phenobarbitone (Inj) |
| २२ | Phenytoin (Inj) |
| २३ | Naloxone (Inj) |
| २४ | Vitamin ‘K' (Inj) |
| २५ | Ringer's Lactate (Inj) |
| २६ | Sodium Bicarbonate (Inj) |
| २७ | Diclofenac (Inj) |
| २८ | Dobutamine (Inj) |
| २९ | Noradrenaline (Inj) |
| ३० | Isoprenaline (Inj) |

| सि न | औषधीको नाम |
|---|---|
| ३३ | Aminodarone (Inj) |
| ३४ | Magnesium Sulphet (Inj) |
| ३५ | Digoxin (Inj) |
| ३६ | Adenosine, Verapamil (Inj) |
| ३७ | Tramostate (Inj) |
| ३८ | Antacids (Tab) |
| ३९ | Aspirin (Tab) |
| ४० | Diclofenac (Tab) |
| ४१ | Paracetamol Tablet, gel |
| ४२ | Ibuprofun (Tab) |
| ४३ | Codeine Phosphate (Tab) |
| ४४ | Prednisolone (Tab) |
| ४५ | Antidiotics Oral (Tab/Cap) |
| ४६ | Povidinelodine (Sol) |
| ४७ | Antidiotics Ointments |
| ४८ | Others as per necessary |

List of essential instruments for Emergency:

| सि न | उपकरण |
|---|---|
| १ | Ambu bag with mask |
| २ | Artery Forceps |
| ३ | Salbutamol Inhaler |

| सि न | उपकरण |
|---|---|
| ४ | Povidone Iodine |
| ५ | Blood Transfusion Set |
| ६ | BP Instrument |
| ७ | Clinwax ear drop |
| ८ | Crepe Bandage 4" |
| ९ | Crepe Bandage 6" |
| १० | Dissection Forceps non tooth |
| ११ | Dissection forceps tooth |
| १२ | Disposable Syringe 3cc, 5cc, 10cc, 20cc |
| १३ | Endo tracheal tube( Pediatric and Adult ) 3.0-8.5 |
| १४ | Laryngeal Mask airway 3.0-8.5 |
| १५ | Foley's catheter 6f-20f, 3way |
| १६ | Gloves No.6, 6.5, 7, 7.5 |
| १७ | I.V. Cannula 14G-24G |
| १८ | I.V. Set + Pediatric Burret |
| १९ | I.V. Infusion Set |
| २० | C.V.P. line Set |
| २१ | Chest Tube (Different Sizes) |
| २२ | Ipratropium bromide inhaler + Solution |
| २३ | Knee hammer |
| २४ | Laryngoscope with blade (Adult, Pediatric sizes) |
| २५ | Leucoplast |
| २६ | Oxymetazoline Nasal drop |
| २७ | Needle holder |
| २८ | Ryle's tube (N/G Tubes) |

| सि न | उपकरण |
|---|---|
| २९ | Scissors (different types) |
| ३० | Silver sulphadiazine cream |
| ३३ | Stethoscope |
| ३४ | Suction Machine with tubes |
| ३५ | Thermometer |
| ३६ | Sphygmomanometer |
| ३७ | Tongue depressor |
| ३८ | Torch Light |
| ३९ | Uro bag |
| ४० | Wooden Splint Different sizes |
| ४१ | Spinal Board-1 |
| ४२ | Cervical Collor 1-5 |
| ४३ | Antibiotic Injection (Different) |
| ४४ | Pulse Oxymeter -1 |
| ४५ | Otoscope-1 |
| ४६ | Ophthalmoscope-1 |
| ४७ | Glucometer -1 |
| ४८ | Digital Clock |

२०. स्वास्थ्य क्लिनिकसम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु : (१) स्वास्थ्य क्लिनिक स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सासम्बन्धी उपाधि

प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ ।

(३) स्वास्थ्य क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालनका लागि देहायबमोजिम न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :-

| सि नं | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | बिरामीको जाँच गर्ने Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्ने(कम्तीमा१४ वर्ग मिटरको) | १ |
| २ | बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ) | १ |
| ३ | बिरामी जाँच्ने टेबुल | १ |
| ४ | चिकित्सकको लागि टेबुल | १ |
| ५ | चिकित्सकको लागि कुर्सी | १ |
| ६ | बिरामी बस्ने टुल | १ |
| ७ | शौचालय | १ |
| ८ | टेलिफोन (स्वेच्छिक) | |
| ९ | स्वास्थ्य शिक्षासम्बन्धी सूचनामूलक पोस्टर तथा अन्य सामग्री | |
| १० | पानीको आपूर्ति भएको हुनुपर्ने | |

(४) सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(५) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटर वा रजिस्टर हुनुपर्नेछ ।

(६) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गर्ने व्यवस्था हुनुपर्ने

(७) क्लिनिकमा काम गर्ने अन्य व्यक्तिको योग्यताको प्रमाणपत्र र सम्बन्धित परिषद्मा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्नेछ ।

(८) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(९) मासिक प्रतिवेदन नगरपालिकामा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

**(क) रेडियोलोजी सेवाको लागि न्यूनतम (उपकरण तथा जनशक्ति पूर्वाधारहरु)**

| विवरण | क्लिनिक | १५ शय्याको अस्पताल |
|---|---|---|
| एक्सरे मेसिन | १०० एम ए - १ | ३०० एम ए - १ |
| एक्सरे मेसिन पोर्टेवल मोवाईल | स्वेच्छिक | १०० एम ए - १ |
| अल्ट्रासाउण्ड मेसिन | स्वेच्छिक | स्वेच्छिक |
| जनशक्ति रेडियोलोजिष्ट | आंशिक समय | आंशिक समय |
| रेडियोग्राफर | २ जना | २ जना |
| रेडियोग्राफिक अधिकृत | १ जना | १ जना |

**ख) एक्सरेको लागि** : (१) एउटा एक्सरे मेसिन Install गर्नको लागि कम्तीमा २२५ वर्ग फिटको कोठा उपलब्ध हुनुपर्ने ।

(२) एक्सरे गर्ने कोठाको पर्खालको मोटाई

(क) ९ ईञ्च With Plaster of Paris वा

(ख) ६ Inch with .20 mm lead barrierवा

(ग) २.० एम एम lead thicknessहुनुपर्ने साथै झ्याल, ढोका तथा भित्ताबाट हुने विकिरणको चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनपर्ने ।

(३) Xray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठाभित्र ०.५mm को एप्रोन तथा radiation protective measures को व्यवस्था हुनपर्ने ।

(४) Radaiologyमा कार्यरत कर्मचारीहरुको लागि radiation dose monitor उपलब्ध हुनु पर्दछ र समय समयमा Radiation Survey Monotoringगर्नपर्ने ।

(५) Eye Gonadal, Thyroid Glanआदिको Protectionको लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने ।

(६) X-ray एक्स्पोज गर्ने अँध्यारो कोठा र प्रतीक्षा कक्ष छुट्टाछुट्टै हुनपर्ने ।

(७) Radiology विभागमा सबैले देख्ने ठाउँमा Xray विकिरणले स्वास्थ्यमा खराब असर पर्न सक्छ भन्नेबारे सूचना गर्ने साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने ।

(८) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiologyसम्बन्धी मेसिन नेपाल भित्र ल्याउन र सञ्चालन गर्न नपाइने ।

**(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्था :**

Radiation Protection व्यवस्थित गर्न X ray Unit को गुणस्तर नाप गर्न चाहिने आवश्यक उपकरण खरिद गरी तोकेको निकायमा राख्ने र अनुगमन तथा निरीक्षणमा प्रयोग गरेर गुणस्तर ,dose monitoring गर्ने| विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiation का dose 20 Milisievert per year (WHO) को सन २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिको व्यवस्था सम्बन्धित संस्थाले मिलाउनु पर्नेछ ।

**(घ) स्वेच्छिक Ultrasonogram (USG) :** Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलोजिस्टहरु बाहेक आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको USG तालिम प्राप्त गरको स्त्री तथा प्रसुती रोगसम्बन्धी विशेषज्ञहरुले गर्न पाउनेछन् । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्नबमोजिमको उपकरणहरुको व्यवस्था हुनुपर्नेछ :

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको व्यवस्था हुनुपर्ने ।

(२) स्ट्रेचर, व्हिल चियरको व्यवस्था हुनुपर्ने ।

(३) शौचालयको राम्रो व्यवस्था हुनुपर्ने ।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गको लागि छुट्टै कोठाको व्यवस्था हुनुपर्ने ।

(५) वैकल्पिक विद्युतको लागि जेनेरेटरको व्यवस्था हुनुपर्ने ।

(६) बिरामीको लागि र बिरामी कुरुवा बस्नको लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनुपर्ने ।

(७) स्टोर, रिपोर्ट वितरणका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनुपर्ने ।

(८) स्वास्थ्य उपकरण मर्मत सम्भार गर्दा बायोमेडिकल इंन्जिनियर वा डेडियोलोजिकल उपकरणसम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनुपर्ने ।

(९) A/C Machine को व्यवस्था र एक जना कम्तीमा PCL गरेको व्यक्ति व्यवस्था हुनुपर्ने । विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडियेसन भत्ताको व्यवस्था हुनुपर्ने

(२१) दन्त रोग क्लिनिक स्थापना तथा सञ्चालन मापदण्डः (१) Dental Clinic मा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि BDS वा सो सरहको चिकित्सासम्बन्धी उपाधि प्राप्त गरी सम्बधित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति सम्बन्धित स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(३) क्लिनिकमा औषधि उपचार सेवा सचालन गर्नु परेमा छुट्टाछुट्टै सेवासम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नुपर्नेछ ।

(४) क्लिनिकमा दन्त स्वास्थ्य सेवा सञ्चालनका लागि दफा २०(३) बमोजिको न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ ।

(५) सेवा र विषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटर वा रजिष्टर हुनुपर्नेछ ।

(७) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गर्ने व्यवस्था हुनुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने अन्य व्यक्तिको योग्यताको प्रमाणप्रत्र र सम्बन्धित परिषद्मा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(१०) मासिक प्रतिवेदन कार्यालयमा नियमित पठाउनुपर्नेछ ।

# परिच्छेद ७

# आयुर्वेद तथा वैकल्पिक चिकित्सासम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२२. आयुर्वेद तथा वैकल्पिक चिकित्सासम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्डः

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीअन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नुपर्नेछ :

**(क) आयुर्वेद स्वास्थ्य सेवा :**

(१) आयुर्वेद चिकित्सा प्रणालीअन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कविराज, वैद्यमा स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ । बहालवाला सरकारी कर्मचारी भएमा सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तीमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद क्लिनिकमा काम गर्ने कर्मचारीलाई सङ्क्रमण सुरक्षासम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद क्लिनिकमा जनशक्ति, भौतिक पूर्वाधार, औजार-उपकरण र सेवाको गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग

गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारको स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीको उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., ल्याब, रेडियोलोजी तथा अन्य आवश्यक सेवाहरु सञ्चालन गर्नुपरेमा सम्बन्धित विषयका जनशक्ति र सोसम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमका पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक स्वीकृतिका लागि माग भएमा कुन कुन सेवा दिने उद्देश्य राखिएको हो सो प्रस्ट उल्लेख गरी सोहीबमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लिखत पूर्वकम अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग (Massage),सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पूरा गरी जुनसुकै नाममा सञ्चालन भए तापनि अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

**(ख) आयुर्वेद चिकित्साअन्तर्गत रहने सेवाहरुः चिकित्सा सेवा**

१. रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र-प्रणिधान

(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन-ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्म

(च) योगाभ्यास

**(ग) आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होमसम्बन्धी मापदण्ड तथा पूर्वाधारः**

(१) आयुर्वेद चिकित्सा प्रणालीअन्तर्गत निजीस्तरमा सञ्चालन गर्ने अस्पताल एवं नर्सिङ्ग होमहरुले आफ्नो क्षमता अनुसार क्रमशः एक वा एकभन्दा बढी तपसिलमा उल्लिखित विभाग/शाखाहरु सञ्चालन गर्न सक्नेछन् -

(क) कायचिकित्सा

(ख) बालरोग चिकित्सा

(ग) प्रसूति तथा स्त्रीरोग चिकित्सा

(घ) शल्य चिकित्सा

(ङ) शालाक्य

(च) रसायन

(छ) वाजीकरण ।

(२) आयुर्वेद अस्पतालले देहायबमोजिमको भौतिक पूर्वाधारको व्यवस्था तथा मापदण्डको पालना गर्नुपर्नेछ :-

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| १. | **भौतिक पूर्वाधार** | |
| | (क) जग्गा मापदण्ड : सडकसँग जोडिएको हुनुपर्ने (प्रति शय्या ५० व.मि.)। | ✓ |
| | (ख) सवारी साधन आवतजावत तथा पार्किङ्गको लागि पर्याप्त ठाउँ हुनुपर्ने । | ✓ |
| | (ग) प्रवेशद्वार र निकासद्वार छुट्टाछुट्टै हुनुपर्ने । | |
| | (घ) सञ्चार, बिजुली , शौचालय तथा खानेपानीको व्यवस्था हुनुपर्ने । | ✓ |
| २. | **सेवा** | |
| | बहिरङ्ग | ✓ |
| | अन्तरङ्ग | ✓ |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| ३. | **जनशक्ति** | |
| | आयुर्वेद चिकित्सामा स्नातकोत्तर उपाधि (M.D./M.S.Ay.) | आवश्यकता अनुसार |
| | चिकित्सक (B.A.M.S.) सो सरह) | ३ जना |
| | आयुर्वेद सहायक (P.C.L.)सो सरह) | आवश्यकता अनुसार |
| | आयुर्वेद सहायक कार्यकर्ता (AAW)सोसरह) | २ जना |
| | पञ्चकर्म सह-सहायक | आवश्यकता अनुसार |
| | अ.न.मि. | ३ जना |
| | ल्याव टेक्नोलोजिस्ट | |
| | ल्याव टेक्निसियन | स्वैच्छिक |
| | ल्याव असिस्टेन्ट | आवश्यकता अनुसार |
| ४. | **Rediology/USG** | |
| | रेडियोलोजिस्ट | |
| | रेडियोग्राफर | आवश्यकता अनुसार |
| | सहायक रेडियोग्राफर | आवश्यकता अनुसार |
| | हेल्पर | स्वैच्छिक |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| ५. | **कर्मचारी प्रशासन** | |
| | प्रशासन अधिकृत | |
| | नायव सुब्बा | आवश्यकता अनुसार |
| | खरिदार (लेखा) ं प्रशासन | १ जना |
| | कम्प्यूटर प्राविधिक खरिदार | आवश्यकता अनुसार |
| | पियन ं पाले | ३ जना |
| | भान्छे/टहलुवा | २ जना |
| | माली | आवश्यकता अनुसार |
| ६. | उपकरण | |
| | स्टेथेस्कोप (प्रत्येक उपचार कक्षमा) | ✓ |
| | B.P.Set<br>(प्रत्येक उपचार कक्षमा) | ✓ |
| | Thermometer (आवश्यकता अनुसार) | ✓ |
| | Weighing Machine | २ |
| | उचाई नाप्ने साधन | १ |
| | Torch light | १ |
| | Cotton, Gauze, Bandage | आवश्यकता अनुसार |
| | Apron | आवश्यकता अनुसार |
| | Gloves | आवश्यकता अनुसार |
| | X-ray view box | आवश्यकता अनुसार |
| | Oxygen set | १ |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| | Durm set | ३ |
| | Atutoclave | ३ |
| | Srugical Set | १ |
| | Sliding | |
| | Suture Material (different size) | ४ |
| | Needle (different size & shape) | १० |
| | Forceps | १२ |
| | Artery forceps | १२ |
| | Culting scissors | २ |
| | Cutting set | २ |
| | Blunt scissors | १ |
| | Sharp Scissors | १ |
| | Lancet | |
| | Scalpel & kitle holder etc. | २ |
| | Dressing set | |
| | Kidney tray, small tray, large bowel | ४ |
| | Dissecting forceps, Thumb forceps (toothed & untoothed) | ४ |
| | General | |
| | Tongue Spatula | २ |
| | Torch light/emergency light | २ |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| | Specific | |
| | ENT set | २ |
| | Gynecological Examination Set, D & C Set, Cucus, Sim's Speculum, emema set | १ |
| | Neonatal care set | १ |
| | Macintos sheet, Kally's pad | ५ |
| | Other | |
| | Proctoscope/Laryngoscope/ Ophthalmoscope | २ |
| | Tonometer/Rhinoscope | १ |
| | Sterilizer/Autoclave drum set | १ |
| | Equipments & Materials for emergency case management | २ |
| | Nebulizer | १ |
| | Ryle's Tube | |
| | Gastric Lavage set | २ |
| | Bed screen | ३ |
| | Mask | २५ |
| | Cap | १० |
| | Ear syringing set | २ |
| | Wooden splint | |
| | Urobag | २ |
| | अन्तरङ्ग सेवा(Indoor) | |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| | वार्डः पुरुष कोठा १० ह२० स्क्वायर फिट | २ |
| | महिला कोठा १० २० स्क्वायर फिट | २ |
| | चिकित्सा कोठा १० १० स्क्वायर फिट | १ |
| | शौचालय (पुरुष तथा महिलाका लागि छुटाछुटै) वास वेशिन तथा पानी पर्याप्त | |
| | Wheel chair/**स्ट्रेचर/ट्रली** | १ |
| | चार्ट/लकर/फाइल केवीनेट | १५ |
| | बेड प्यान/**शय्या** सङ्ख्याको आधारमा | ✓ |
| | कुरुवा बस्ने टुल (**शय्या** सङ्ख्याको आधारमा) | ✓ |
| | चिकित्सक कक्ष | १ |
| | नर्सेज ड्यूटी रुम १०x१५ स्क्वायर फिट | १ |
| | एम्बुलेन्स | |
| | औषधि स्टोरको पूर्वाधार | |
| | भेन्टिलेशनयुक्त १०x१५ स्क्वायर फिट साइजको कोठा | १ |
| | बिरामी पूर्जा दर्ता गर्ने कक्ष | १ |
| | औषधि बनाउने टेबुल कुर्सी | १ |
| | बिरामीका लागि सोधपुछ तथा सहयोग कक्ष | १ |
| | भान्साघर | आवश्यकता अनुसार |

बहिरङ्ग विभाग (OPD)

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| १ | बिरामी दर्ता कक्ष बिरामी जाँन्ने कोठा | १ वटा |
| | लेखा प्रशासान कक्ष | १ वटा |
| २ | आकस्किम सेवा सुविधा अक्सिजन सेट अक्सिजन सेवामा आवश्यक अन्य उपकरण बिशेषज्ञ सेवाको हकमा सोहि अनुसारका जनशत्ति कक्ष र आवश्यक उपकरण हुनुपर्ने । | २ सेट हरेकको २/२ सेट आवश्यकता अनुसार |
| ३ | प्रयोगशाला कोठा | २ |
| ४ | मनोपरामर्श एवं जीवनशैली कोठा | १ |
| ५. | योगासन, प्राणायाम,ध्यान आदिका लगि (१६× ३२) | १ |
| ६ | पूर्वकर्म सेवाको लागी प्रत्येक सेवाको अलग अलग कक्ष | आवश्यकता अनुसार |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| | (क) स्नेहन कक्ष | १ |
| | (ख) अभ्यङ्ग कक्ष | १ |
| | (ग) स्वेदन कक्ष( नाडी स्वेद लगायत १३ प्रकारकम स्वेदनका लागि अलग अलग कक्ष | आवश्यकता अनुसार |
| | (घ) अभ्यङ्ग टेबुल | १ |
| | (ङ) सर्वाङ्ग स्वेदन यन्त्र | आवश्यकता अनुसार |
| | (च) नाडी स्वेदन यन्त्र लगायत विविध १३ प्रकारमा स्वेदनका लागि अलग अलग आवश्यक यंन्त्र | १ |
| | (छ) कटि तथा जानु स्वेदन यन्त्र | १ |
| | (ज) अवगाह स्वेदन यन्त्र | |
| | (झ) निराग्नी स्वेदनको लागि कम्मल, मृदिका ,प्रस्तर,जल,तेज, प्रथिव तत्व आदिको व्यवस्था | आवश्यकता अनुसार |
| | (ञ) पञ्चकर्म सेवाको लागि सामग्री | आवश्यकता अनुसार |
| | (ट) वमन टेबुलसहित वमन कक्ष | १ |
| | (ठ) विरेचननीय आशन | |
| | (ड) शिरोविरेचनको लागि कक्ष तथा साधन | १ |
| | (ढ) शिरोधारा टेबुलसहित सेट | १ |
| | (ण) शिरोवस्ति यन्त्र | २ |

| सि.नं. | विवरण | १५ शय्या सम्म |
|---|---|---|
| ७ | पञ्चकर्म सेवा (५ वटै सेवाका लागि अलग अलग कक्ष हुनुपर्ने) | आवश्यकता अनुसार |
| ८ | पुर्नस्थापन कक्ष | आवश्यकता अनुसार |
| ९ | फुलफलका बोटविरुवासहित स्वच्छ वातावरण र औषधियुक्त हर्वेरियम समेत हुनुपर्ने । | आवश्यकता अनुसार |

**(घ) आयुर्वेद स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकसम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः**

आयुर्वेद पोलिक्लिनिक सेवा सञ्चालन गर्दा एउटै व्यवस्थापनअन्तर्गत रही तीन वा सोभन्दा बढी सेवा प्रदान गर्नुपर्ने औषधि सेवाको व्यवस्था समेत हुनुपर्नेछ । स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि BAMS वा सो सरहको चिकित्सासम्बन्धी उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ ।

(१) एक सेवा सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछः

(क) बिरामीको जाँच गर्ने भेन्टिलेटेड कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्नेछ । (कम्तीमा १४×१० वर्ग फिट)

(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ)

(ग) बिरामी जाँच्ने टेवुल

(घ) चिकित्सकको लागि कुर्सी

(ङ) चिकित्सकको लागि टेबुल

(च) बिरामी बस्ने कुर्सी/टुल

(छ) बिरामी कुर्न बस्ने बेन्चहरुको व्यवस्था

(ज) शौचालय

(झ) टेलिफोन (स्वेच्छिक)।

(२) आवश्यक औजार उपकरणहरु निम्न अनुसारको हुनुपर्नेछः-

(क) थर्मोमिटर -१

(ख) तौल लिने मेसिन -१

(ग) उचाई नाप्ने मेसिन -१

(घ) टंग डिप्रेशर - १

(ङ) ब्लड प्रेशर जाँच्ने मेसिन -१

(च) स्टेथोस्कोप -१

(छ) आँखा, नाक, कान जाँच्ने सेट -१

(ज) प्रोक्टोस्कोप -१

(झ) प्रोव

(ञ) सिरिन्ज

(ट) टर्च लाइट

(ठ) पञ्जा

(ड) मास्क, एप्रोन

(ढ) किड्नी ट्रे

(ण) बाल्टिन ।

(३) अन्य व्यवस्था (थप मापदण्ड):

(क) विशेषज्ञ सेवा र विषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(ख) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिस्टर हुनुपर्नेछ ।

(ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गरिएको हुनुपर्नेछ ।

(घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा आयुर्वेद चिकित्सा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ ।

**(ङ) आयुर्वेद पूर्वकर्म पञ्चकर्म सेवा केन्द्रसम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः**

(१) भौतिक पूर्वाधारः

आयुर्वेद पञ्चकर्म सेवा प्रदान गर्ने केन्द्र, हेल्थ क्लव र हेल्थ रिसोर्टहरु सञ्चालनका लागि आवश्यक पर्ने अभ्यङ्ग, स्वेदन, स्नान, वमन, विरेचन, शिरोविरेचन, वस्ति आदि उपचार कक्षहरु र सोका लागि देहायका

सामग्रीहरुको व्यवस्था हुनुपर्नेछ । यसका साथै औषधि निर्माण कक्ष, प्रकृति परीक्षण, सत्वावजय चिकित्सा, योग ध्यान एवं अन्य सहायकहरुका लागि आवश्यक कक्षहरु हुनुपर्नेछ साथै उपयुक्त किसिमका पुस्तकालय, शौचालय आदिको व्यवस्था हुनुपर्नेछ ।

(क) अभ्यङ्ग कक्ष

(ख) स्वेदन कक्ष (ग्यास सिलिन्डर कक्ष बाहिर हुनुपर्ने)

(ग) अभ्यङ्ग टेबुल

(घ) सर्वाङ्ग स्वेदन बक्स

(ङ) नाडी स्वेदन यन्त्र

(च) वस्ति यन्त्र सेट

(छ) वमन टेबुलसहित वमन कक्ष

(ज) शौचालय संलग्न रहेको विरेचन कक्ष

(झ) विरेचन कुर्सी

(ञ) नस्य कुर्सी

(ट) शिरोधारा टेबुल सहित सेट

(ठ) शिरोवस्ति सेट

(ड) जानु बस्ति,कटि बस्ति आदि सेट

(ढ) कटि स्वेदन टब

(ण) अवगाह स्वेदन टब

(त) संसर्जन कर्मका लागि भोजनालय

(थ) अन्य पूर्वाधार तथा आत्यायिक चिकित्सा सामाग्री

नोट : पञ्चकर्मको प्रधानकर्म सञ्चालनका लागि अन्तरङ्ग सेवा सञ्चालन स्विकृति अनिवार्य हुने छ ।

(२) पञ्चकर्म सेवाहरुः

पञ्चकर्म सेवा केन्द्रहरु व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्नेछ । यी केन्द्रहरुबाट दिइने सेवाहरु आयुर्वेद चिकित्सा सिद्धान्त अनुसार रसायन, वाजीकरण, स्वास्थ्य प्रवर्द्धन, प्रतिरोधात्मक, पुनर्स्थापन एवं उपचारात्मक कर्ममा आधारित रहनुपर्नेछ । रसायन, वाजीकरण सेवा पनि दिनुपर्नेछ । पञ्चकर्म र सोसम्बन्धी सेवाहरु निम्नानुसार गर्नुपर्नेछ :-

(क) पञ्चकर्म

(१) पूर्वकर्महरुः स्नेहन, स्वेदन, अभ्यङ्ग, पिण्डस्वेद, नाडी र पिचु आदि ।

(२) संसर्जन, रसायन कर्म

(३) प्रधान कर्महरुः वमन, विरेचन, वस्ति (अनुवासन, आस्थापन, शिरोविरेचन, रक्तमोक्षण (जलौका) ।

(४) पश्चात् कर्म ।

(ख) अन्य कर्म

(१) अभ्यङ्ग, स्वेदन, २३ प्रकार स्वेद वाह्य वस्ति, नेत्र तर्पण, शिरोधारा, शिरो वस्ति, तेल, स्नान, लेप, कटिस्नान, पादस्नान आदि कर्महरु ।

(२) सत्वावजय कर्मः सत्वावजय,

(३) आवश्यक जनशक्तिहरुः आयुर्वेद चिकित्सा अन्तर्गत पञ्चकर्म र सम्बन्धित कुनै पनि कर्महरु दक्ष अनुभवी आयुर्वेद चिकित्सकहरुको मातहतमा रहेर मात्र दिनुपर्नेछ । निम्नानुसार योग्यता भएका

जनशक्तिहरुबाट उपरोक्त सेवाहरु सञ्चालन गर्नुपर्नेछः—

(क) आयुर्वेद चिकित्सक : आयुर्वेद चिकित्सा प्रणालीमा स्नातक वा स्नातकोत्तर उपाधि प्राप्त ।

(ख) पञ्चकर्म चिकित्सा सहायक : आयुर्वेद चिकित्सा प्रणालीमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य सहायक तह उत्तीर्ण गरी न्यूनतम ३ महिनाको पञ्चकर्म तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) पञ्चकर्म सह-सहायक : कम्तीमा एस.एल.सी.पास गरी आयुर्वेद चिकित्सकको मातहतमा रही सोसम्बन्धी आवश्यक कर्महरुको तालिम सहितको २ वर्षको अनुभव प्राप्त गरेको ।

(घ) अभ्यङ्गकता : कम्तीमा आठ कक्षा पढी २ वर्षसम्म आयुर्वेद चिकित्सकको मातहतमा वसी अभ्यङ्गकर्ताको रुपमा अनुभव प्राप्त गरेको ।

(४) आयुर्वेद अभ्यङ्ग कर्म मात्र दिइने केन्द्रहरुबाट विश्रान्ति अभ्यङ्ग कर्म मात्र दिन सक्नेछन् र सो कर्मका लागि न्यूनतम सुपरिवेक्षण प्राविधिक निरीक्षण टोलीद्वारा समय समयमा गरिनेछ ।

(५) पूर्वकर्म पञ्चकर्म चिकित्सा गर्दा प्रयोग हुने औषधि तथा अन्य द्रव्य :

(क) क्वाथ, फाण्ट, अर्क, स्वरस

(ख) अवलेह, पाक, खण्ड, किसरा

(ग) स्नेह, प्रस्तर, मृदिका, जल, तेज, धुम्र, वास्प, कम्वल, वस्त्र, पट्ट, जल आदि ।

(६) पश्चात कर्ममा प्रयोग हुने द्रव्य तथा निर्मित औषधि व्यवस्था :

(क) सात्विक आहार, ऋतु तथा दिनचर्या, ब्रम्हचर्या पालन

(ख) औषधि-चूर्ण, वटी, फान्ट, अवलेह

(ग) आसव, अरिष्ट

(घ) लौह, मण्डुर

(ङ) तेल, घृत

(च) रस, रसायन

(छ) लेप, मलहम

(ज) भष्म, पिष्टी

(झ) अन्य व्यवस्था (थप मापदण्ड):

(क) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिस्टर हुनुपर्नेछ ।

(ख) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ ।

(ग) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा आयुर्वेद चिकित्सा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(घ) मासिक प्रतिवेदन नियम अनुसार नगरपालिका र अन्य सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

(७) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड :

(१) होमियोप्याथिक स्वास्थ्य क्लिनिक स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने

(ख) सहायक होमियोप्याथिक चिकित्सक -१ (कम्तीमा होमियोप्याथीमा

प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण)

(ग) होमियोम्याथिक सहायक -१ (मान्यता प्राप्त संस्थाबाट होमियोप्याथीमा तालिम प्राप्त गरेको सेवाः

(क) उपचार

(ख) परामर्श

**(ङ) होमियोप्याथिक इमर्जेन्सी सेवा :**

(१) होमियोप्याथिकमा इमर्जेन्सी सेवा २४ सै घण्टा सीमित सेवा खुल्ला राख्न सकिनेछ ।

(२) भौतिक पूर्वाधारः

- २०×१५ साईजको भेन्टिलेसन तथा शौचालययुक्त कोठा
- चिकित्सक बस्ने टेवुल र कुर्सी -१ थान
- स्टाफ नर्स बस्ने कुर्सी -१ थान
- बिरामी बस्ने कुर्सी, टुल -१ थान
- अपरेशन टेबुल -१ थान
- Hanging light (100 wt) -१ थान
- ऱ्याक -१ थान हिटर -१ थान
- Sterilization set -१
- शौचालयमा पर्याप्त मात्रामा पानी उपलब्ध भएको ।

(३) उपकरणः

- स्टेथोस्कोप
- BP set
- Globes

- X-ray view Box
- Thermometer
- Weighing Machine
- उचाइ नाप्ने साधन Plastic Apron
- Dressing set
- Stitching set
- Torch
- Mask
- Cap
- Cotton, Gauze, bandage
- Stab, stand + oxygen cylinder, suction machine

(४) सेवासम्बन्धीः

- Dressing
- Stitching
- साधारण Injury (५) जनशक्तिः
- चिकित्सक -१ जना
- स्टाफ नर्स -१ जना
- कार्यालय सहयोगी -१ जना

(५) औषधिः होमियोप्याथीमा प्रयोग हुने केही इमर्जेन्सी औषधिहरु

**(च) एक्यूप्रेसरः**

अनेक रोगको उपचार गर्ने एक्युप्रेसर क्लिनिक वा पोलिएक्युप्रेसर (प्राकृतिक चिकित्सा) क्लिनिक सञ्चालन गर्न निम्न लिखित न्यूनतम व्यवस्था हुनुपर्नेछ :–

(१) दक्ष जनशक्तिः

(क) कुनै विश्वविद्यालयबाट सम्बन्धित बिषयमा आवश्यक योग्यता (डाक्टर उपााधि) प्राप्त गरेको व्यक्तिहरु

(ख) कुनै पनि मान्य प्राप्त संघ संस्थाबाट आवश्यक तालिम (डाक्टर वा सो सरहको उपाधि) प्राप्त गरेका व्यक्तिहरु ।

(२) अर्ध दक्ष जनशक्तिः

(क) कुनै पनि मान्यता प्राप्त संघ संस्थाबाट एक वर्ष वा सोभन्दा बढी तालिम प्राप्त व्यक्तिहरु ।

(ख) दक्ष जनशक्तिका साथमा न्यूनतम तीन वर्षसम्म अनुभव प्राप्त गरेको कुरा दक्ष जनशक्तिले प्रमाणित गरेको व्यक्तिहरु ।

(३) बिरामी जाँच गर्ने कोठा

(४) एक्यूप्रेसर थेरापिष्टहरुको लागि मेच र टेबुल

(५) दक्ष एक्यूप्रेसर थेरापिष्ट (उपचारक)

(६) अर्धदक्ष एक्यूप्रेसर थेरापिष्ट (उपचारक) -१ जना

(७) कार्यालय सहायक -१ जना

(८) स्वीपर -१ जना

(९) आवश्यक उपकरणहरुः

(क) एक्युप्रेसर जाँच गर्ने मेसिन

(ख) तौल लिने मेसिन

(ग)एक्युप्रेसर गर्ने जिमका मेसिनहरु

(घ) शक्ति सञ्चार गर्ने उपकरणहरु

(ङ) इलेक्ट्रोनिक एक्युप्रेसर मेसिन

(च) स्पाइनल रोलर

(छ) फेसियल रोलर र अन्य व्यायामका उपकरणहरु ।

(१०) संस्थागत रुपमा खोलिने क्लिनिकः (क) नेपाल सरकारबाट स्वीकृत प्राप्त निकायको अनुमति लिएर मात्र स्वास्थ्य क्लिनिक सञ्चालन गर्नुपर्छ ।

(ख) स्वास्थ्य क्लिनिक सञ्चालन गर्न माथि उल्लेखित व्यवस्था हुनु अनिवार्य छ ।

(ग) चिकित्सक लगायत काम गर्ने जनशक्तिले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ ।

(११) बिरामी भर्ना गरेर पनि उपचार गर्न सकिनेछ । बिरामी भर्ना गर्न स्वास्थ्य क्लिनिकमा निम्नलिखित थप व्यवस्था हुनुपर्दछ :-

(क) बिरामी राख्ने कोठा

(ख) बिरामी सुत्ने बेड, आवशयक ओड्ने ओछ्याउने सामान

(ग) सफा र प्रदूषणमुक्त कोठा

(घ) स्नान घर

(ङ) सफा पानी

(च) सन्तुलिन भोजन आदि

(छ) बिरामी सुत्ने बेड एकले अर्कालाई नछुने गरी कम्तीमा २-३ फिटको दूरीमा राख्ने

(ज) शौचालय ।

(१२) नेपाल सरकारबाट अनुमति लिएर सञ्चालित सबै एक्युप्रेसर स्वास्थ्य क्लिनिकले आयुर्वेद विभागमा वैकल्पिक चिकित्सामा संस्था दर्ता गरेको हुनुपर्नेछ ।

(१३) एक्युप्रेसर प्राकृतिक चिकित्सा बिषयमा प्रचारप्रसार तथा अनुसन्धान मात्र गर्ने उद्देश्यले पनि संस्था खोली सञ्चालन गर्न सकिनेछ ।

# परिच्छेद ९

## प्रयोगशाला सञ्चालनसम्बन्धी व्यवस्था

**२३.** प्रयोगशाला सञ्चालन सम्बन्धी मापदण्डः प्रयोगशाला सेवा सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनुपर्नेछः-

**क. क्षेत्रफल**

| क्षेत्रफल | वर्ग'D' | वर्ग'E' |
|---|---|---|
| | २५०वर्गफिट | १५०वर्गफिट |

१. प्रयोगशालाको नक्शाङ्कन (Lay-out) नमुना सङ्कलन गर्ने देखि लिएर विसर्जन सम्म हुने गरी लजिकल फ्लो (Logical Flow) मिलाएको हुनु पर्नेछ।

२. नमुना २ सङ्कलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिंग आदिको लागि छुट्टाछुट्टै क्षेत्र हुनु पर्नेछ।

३. तोकिएको कुल क्षेत्रफलको न्यूनतम ७०%भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको लागि छुट्याइएको हुनुपर्नेछ। बाँकी ३० %भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तैः नमुना सङ्कलन,प्रतीक्षालय, मिटिङ हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिका लागि व्यवस्था गर्न सकिनेछ।

**(ख) जनशक्तिः**

| मानव संसाधन (प्राविधिक) | वर्ग'D' | वर्ग 'E' |
|---|---|---|
| जनशक्तिको विवरण | न्यूनतम चार जना; जसमध्ये एकजना स्नातक वा सोभन्दा माथिल्लो तहको हुनुपर्नेे। | प्राविधिक जनशक्ति न्यूनतम दुई जना ल्याब असिस्टेन्ट वा सोभन्दा माथिल्लो तहको हुनुपर्नेे। |
| चौबिसै घण्टा आकस्मिक प्रयोगशाला सेवा सञ्चालन गर्नुपर्ने स्वास्थ्य संस्थाहरुमा आवश्यक थप मानव संसाधन | न्यूनतम एक जना | |

१) प्रयोगशालामा काम गर्ने प्राविधिक जनशक्ति सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनुपर्नेछ ।

(३) न्यूनतम मानव संसाधनको सङ्ख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम जनशक्ति हुनुपर्नेछ । नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा

उपलब्ध हुने जनशक्तिलाई मात्रै मानिनेछ। न्यूनतम जनशक्ति प्रयोग गर्दा (दुई जना पार्ट टाइम कर्मचारी बराबर १ जना फुल टाइम) कर्मचारी मानिनेछ।

**(ग)उपकरण**

| प्रयोगशालाको वगीकरण | आवश्यक उपकरण तथा सामाग्रीहरु |
|---|---|
| "E" (इ) | All "Basic Equipment", consumables, re-agents/kits including (but not limited to): |
| | • Binocular Microscope<br>• Centrifuge<br>• Colorimeter<br>• Water bath<br>• VDRL Shaker<br>• Hot air oven<br>• Micropipettes<br>• DC counter<br>• Power backup<br>• Autoclave |

| प्रयोगशालाको वर्गीरकरण | आवश्यक उपकरण तथा सामाग्रीहरु |
|---|---|
| “D" (डि) | All “Basic Equipment", consumables, reagents/kits including (but not limited to): All of “E" Category plus<br>• Incubator,<br>• Semi-automated Biochemistry analyzer |

(१) उपकरणहरुको सम्भार तालिका बनाई नियमित रुपमा सम्भारका कार्यहरु गर्नुपर्नेछ ।

(२) अत्यावश्यक परीक्षणहरूका लागि सोही क्षमताको ब्याकअप उपकरणको व्यवस्था हुनुपर्नेछ ।

**(घ) परीक्षण सम्बन्धी**

| वर्ग | परीक्षण |
|---|---|
| E | • Hematology: TC, DC, hemoglobin, ESR, blood grouping for non-transfusion purpose, BT, CT<br>• Biochemistry: Sugar, Urea, BilirubinT &D, S. Uric Acid, Total protein, serum albumin<br>• Microbiology: sputum AFB stain (z-N stain)<br>• Tests by RDTS: With simple interpretation<br>• Miscellaneous: Routine urine analysis, routine stool analysis, urine pregnancy test, Stool for reducing substances. |

| वर्ग | परीक्षण |
|---|---|
| D | All tests of E category plus following<br>• Hematology: RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell Indices<br>• Biochemistry: SGOT, SGPT, ALP, lipid profile, creatinine, sodium, potassium<br>• Microbiology: Gram stain and KoH mount for fungi<br>• Serological tests: RPR, Widal test, ASO Titre, RA Factor, CRP, Tests by RDTS: All<br>• Miscellaneous: Stool for occult blood, Urine ketone bodies, urobilinogen, bile salt, bile pigment, Bence Jones protein. |

**(ङ) अभिलेखसम्बन्धीः**

(क) प्रयोगशालाका मुख्य परीक्षणहरुको SOP

(ख) Equipment user manual

(ग) Equipment maintenance record

(घ) IOC रेकर्ड / EQA रेकर्ड

(ङ) कर्मचारीको व्यक्तिगत विवरण (रेकर्ड आदिको अनुभव/ तालिम/ योग्यता)

(च) प्रेषण गरिएका परीक्षणको अभिलेख

(छ) प्रेषक र प्रापक प्रयोगशाला बीचमा भएको करारनामा (MOU)

(ज) संस्थाको कानुनी मान्यतासम्बन्धी सम्पूर्ण कागजात

**(च) आकस्मिक प्रयोगशाला सम्बन्धीः**

(क) अस्पतालमा आधारित प्रयोगशालामा आकस्मिक सेवा उपलब्ध हुनुपर्नेछ।

(ख) आकस्मिक परीक्षणको नतिजा नमूना प्राप्त गरेको अधिकतम दुई घण्टा भित्र दिनुपर्नेछ।

(ग) छुट्टै आकस्मिक प्रयोगशाला नभएका अस्पतालले आकस्मिक परीक्षण रुटिन प्रयोगशालाबाटै हुने व्यवस्थागर्न सक्नेछन् । तर आकस्मिक परीक्षणको नतिजा तोकिएकै समयमै प्रदान गर्नको लागि स्पष्ट कार्यविधि तय गरेको हुनुपर्नेछ।

(घ) आकस्मिक परीक्षण देहायबमोजिम हुनेछः

1. Hb, TC, DC, platelet
2. Na+, K+, Blood sugar
3. Urea

4. Creatinine
5. Amylase
6. Lipase*
7. Blood grouping for transfusion purpose
8. BT, CT, PT, INR
9. Urine R/E
10. HIV/HCV/HBsAg Kit
11. Troponin
12. CPK/MB*
13. आकस्मिक उपचारका लागि चिकित्सकले अत्यावश्यक ठानेको अन्य परीक्षण *ई वर्गको लागि लागु नहुने

**(छ) सङ्कलन इकाईः**

| न्यूनतम कर्मचारी सङ्ख्या | न्यूनतम उपकरण | न्यूनतम क्षेत्रफल |
|---|---|---|
| न्यूनतम २ जना प्रयोगशाला असिस्टेन्ट वा माथिल्लो तह | सेन्ट्रफ्यूज रेफ्रिजेरेटर बार कोडको व्यवस्था कम्पुटर(LIS) सहित फ्लेवोटोमी कुर्सी | १५०वर्गफिट छुट्टै शौचालय र प्रतीक्षालयको व्यवस्था) |

(१) सङ्कलन इकाई सकेसम्म भुइँ तल्लामा हुनुपर्नेछ सो नभएको खण्डमा

सङ्कलन इकाईसम्म पुग्नको लागि लिफ्टको व्यवस्था हुनुपर्नेछ।

(२) स्याम्पल सेपरेसन तथा ओसार पसारको लागि आवश्यक उपकरण तथा कन्जुमयबलहरु (Tubes. Vials,Pipets, Cold box, Ice pack etc.) हरुको व्यवस्था गर्नुपर्नेछ।

(३) मुख्य प्रयोगशालाले सङ्कलन इकाई खोल्न मनासय पत्रको लागि निवेदन दिनु अघि प्रयोगशाला न्यूनतम एक वर्ष सञ्चालन भई न्यूनतम तीस हजार सेवाग्राहीको परीक्षण गरेको हुनुपर्नेछ।

(४) नमुना सङ्कलन इकाई अन्य कुनै प्रयोगशालाको मातहतमा वा भवनभित्र राख्न पाइनेछैन।

**(ज) प्रयोगशालासम्बन्धी विविध व्यवस्थाः**

(क) स्थानान्तरण तथा नाम फेरबदल जस्ता प्रक्रियाको हकमा पूर्व स्वीकृति लिनुपर्नेछ।

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त रिफरेन्स र राष्ट्रिय प्रयोगशाला बाहेक अन्य कुनै पनि प्रयोगशालाले आफ्नो नाममा “रिफरेन्स» र “राष्ट्रिय" शब्दको प्रयोग गर्न पाइने छैन।

(ग) स्थापना भएको एक वर्षसम्म हरेक महिना गरेका परीक्षणहरुको विवरण अनुमति दिने निकायमा बुझाउनु पर्नेछ।

## (झ) अस्पताल तथा स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशालाहरुको वर्गीकरणः

| स्वास्थ्य संस्था | शय्या सङ्ख्या | न्यूनतम मापदण्ड |
|---|---|---|
| आधारभूत स्वास्थ्य केन्द्र | | 'E' वर्गको प्रयोगशाला बमोजिम |
| आधारभूत अस्पताल | १५सम्म | 'D' वर्गको प्रयोगशाला बमोजिम |

नोट : माथि तालिकामा जे उल्लेख भए पनि मासिक १०० भन्दा बढी बायोप्सी नमुना प्राप्त गर्ने प्रयोगशालाले हिस्टोसाइटोप्याथालोजी सेट अप राख्नुपर्नेछ। सोभन्दा कम नमूना प्राप्त गर्ने प्रयोगशालाले बायोप्सी प्रोसेसिङ तथा आइ एच सी सेवा आउटसोर्स गर्न सक्नेछ। आइ सि यू सेवा प्रदान गर्ने अस्पतालमा Culture and Sensitivity गर्ने सुविधा अनिवार्य हुनु पर्दछ।

## परिच्छेद १०

## अभिलेख तथा प्रतिवेदनसम्बन्धी व्यवस्था

२४. अभिलेख तथा प्रदिवेदनः (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरुको अभिलेख कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार राख्नुपर्नेछ। तोकिएको समयमा आफूले प्रदान गरेको सेवाको प्रतिवेदन कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई कार्यालयले सचेत गराउनुका साथै अनुमति खारेज गर्नसमेत सक्नेछ ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई नगरपालिकाको कार्यालयबाट एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम लिने व्यवस्था गराउनुपर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका बिरामीहरुको रोगको विवरण ICD 10 अनुसार coding गरी प्रतिवेदन गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानुनबमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफनो् संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases का बिरामी पत्ता लागेको वा शङ्का लागेको खण्डमा वा कुनै रोगको महामारीको शङ्का लागेमा तुरुन्तै कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद ११

## सञ्चालन अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजीसम्बन्धी व्यवस्था

२५. सञ्चालन अनुमति नवीकरण नहुने: (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि  देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा,

ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित सर्तहरु पालना नगरेको पाइएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाइएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्बन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लङ्घन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाइएमा ।

२६. खारेजी गर्न सकिने :

(क) यो निर्देशिका प्रारम्भ हुनुअघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा  सम्बन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ख) गैरकानुनी क्रियाकलाप गरेको पाइएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्बन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

## परिच्छेद १२

## विविध

२७ सेवा शुल्क निर्धारण समितिसम्बन्धी व्यवस्था : (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्कसम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि कार्यालयले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

(२) उपदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२८ अनुगमन समितिः (१) नगरक्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरु, अस्पताल, नर्सिङ होम, क्लिनिक, प्रयोगशाला, औषधि पसल समेतको अनुगमनका लागि देहायको अनुगमन समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | संयोजक |
| (ख) | मेडिकल अफिसर | सदस्य |
| (ग) | सम्बन्धित विषयको विशेषज्ञ | सदस्य |
| (घ) | उपभोक्ता संस्थाका प्रतिनिधि | सदस्य |

| | | |
|---|---|---|
| (ङ) | सामाजिक समितिको संयोजक वा सदस्य | सदस्य |
| (च) | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) अनुगमनको क्रममा आवश्यकतानुसार अन्य कर्मचारी तथा विज्ञ व्यक्तिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२९ मापदण्ड तथा अनुसूचीमा हेरफेरः नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३० व्याख्या गर्ने अधिकारः यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा कार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

३१ अमान्य हुने : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानुनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसूची १

(२ को खण्ड (च) सँगसम्बन्धित)

## प्राविधिक समितिसम्बन्धी व्यवस्था

| | |
|---|---|
| मे.सु./मेडिकल अधिकृत | - संयोजक |
| ल्याब टेक्निसियन/अधिकृत (एक) | - सदस्य |
| रेडियोग्राफर/अधिकृत (एक) | - सदस्य |
| पब्लिक हेल्थ नर्स/अधिकृत (एक) | - सदस्य |
| (सब) इन्जिनियर (सिभिल)(एक) | - सदस्य |
| नगरपालिकाबाट मनोनित विज्ञ (एक) | - सदस्य |
| नगरभित्र स्वास्थ्य क्षेत्र हेर्ने प्रा स्वा के | - सदस्य |
| स्वास्थ्य शाखाको सम्बन्धित फोकल पर्सन | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

पुनश्चः नगर कार्यपालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्ने ।

# अनुसूची २

(४ को उपदफा (१) सँग सम्बन्धित)

# पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

श्री ..............................................................................

.......................................................... ........................

.................................... ।

निम्नानुसार प्रस्तावित अस्पतालका सञ्चालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार

कागजात सहित निवेदन फाराम पेश गरेका छु/छौं ।

निवेदन फारामः

कार्यकारी अधिकृत/सञ्चालन समितिका तर्फबाट

........................................................

१. अस्पतालको नाम :- **शय्या** सङ्ख्या :-

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्नेः-

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-

पालिका : वडा नं. :- टोल :-

ब्लक नं. :- टेलिफोन :-

पो.ब.नं. :-

मोबाइल

४. अस्पताल खोल्न व्यक्तिहरु (५ प्रतिशतभन्दा बढी शेयर धारण गर्नेहरुको मात्र) :-

नाम :- ठेगाना :-

नागरिकता नः :- मोबाइल नं. :- फोन नं. :-

५. अस्पतालका लागि आवश्यक जग्गा र स्वामित्व

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः

(ख) लिजमा भए कबुलियतनामा पेश गर्नेः

६.अस्पतालका वित्तीय स्रोत :-

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग
(ङ) गैरसरकारी संस्थाबाट कर्जालिई सञ्चालन गर्नेभए सोको विवरण वित्तीय लगानी :- (स्थीर पूँजी लागत) रु. (च) अन्य

(क) भवन तथा जग्गाको लागि :- रु. ....................

(ख) औजार उपकरणको लागि :- रु. .................... वित्तीय लगानी (चाल पूँजी लागत) रु. ..................

रोजगार सङ्ख्या :-

अनुमानित आम्दानी :- रु. .................. अनुमानित मुनाफा :- .................

मासिक :- रु. ........................ त्रैमासिक :- रु. ...........................

वार्षिक :- रु. .................

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क)स्वीकृत संस्थाबाट प्रदान गन सेवाहरूका विवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स-रे | • खोप | • प्रसूति तथा स्त्री रोग |
| • अल्ट्रासाउण्ड | • गर्भवती, सुत्केरी जाँच | • जनरल मेडिसिन |
| • इन्डोस्कोपी | • परिवार नियोजन | • जनरल सर्जिकल |
| • इसीजी, ट्रेड मिल | | • विशेषज्ञ सेवा : |
| » प्रयोग शाला<br>» ................<br>» .................<br>................ | • ................<br>• ................<br>• ................<br>................ | जस्ता प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा जस्ता प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा<br>............... |

(ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरूका विवरण (संलग्न):

(१)..........................................................................................

२)...........................................................................................

३)...........................................................................................

४)...........................................................................................

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिका विवरण (संलग्न गर्ने) :

| | | |
|---|---|---|
| (१) विशेषज्ञ : | नाम : | पद : |
| योग्यता : | पार्टटाइम : | फुलटाइम : |
| (२) प्राविधिक : | नाम : | पद : |
| योग्यता : | पार्टटाइम : | फुलटाइम : |
| (३) प्रशासनिक : | नाम : | पद : |
| योग्यता : | पार्टटाइम : | फुलटाइम : |

नोट :

(१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने । सम्बन्धित परिषद्को प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले आफैं कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

# अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## इजाजतपत्र प्राप्त गर्न दिने निवेदनको ढाँचा

मितिः

संस्थाको नामः

- सेवाको किसिमः

  (क)जनरल सेवा (ख) विशेषज्ञ सेवा (ग) विशिष्टकृत सेवा (घ) अन्य

- संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):

  प्रदेश :- जिल्ला :-

  गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका:

  वडा नं -:.टोल:- टेलिफोन नं .:-

- संस्था खोल्ने व्यक्तिहरु (५% भन्दा बढी शेयर होल्डरर्स मात्र):

| स.क्र | नाम | स्थायी ठेगाना | फोन नं. | मोबाइल नं. | इमेल | नागरिकता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- संस्थाको वित्तिय स्रोतः

  (क) निजी (ख) शेयर/कर्जा (ग) गैर-सरकारी

  (घ) अन्य (खुलाउने):

  वित्तीय संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो संस्थाको नामः

- वित्तीय लगानीः लागत

  » भवन तथा जग्गाको लागिः

  » औजार उपकरणः

  » जनशक्तिः

  » अनुमानित आम्दानीः

    स्वदेशीः

    विदेशीः

- अचल सम्पत्तिको स्रोतः

- **शय्या** सङ्ख्याः

- स्वास्थ्य संस्थाले वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको विवरण कुन/कुन सेवा प्रदान गर्ने हो? खुलाउने।

| क्र.सं. | उपचारात्मक सेवा | निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरूको विवरण तथा स्रोतः

| क्र.सं. | उपकरणको नाम | वित्तिय स्रोत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

- संस्थामा सेवा प्रदान गर्ने स्वास्थय जनशक्तिको विवरणः

| क्र. सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | सम्बन्धित परिषद्को दर्ता नं. | सरकारी सेवामा कार्यरत छ/छैन | फूलटाइम/ पार्टटाइम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१२ .निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरू

(१) कम्पनी दर्ता / संस्था दर्ताको प्रमाणित प्रतिलिपि,

(२) संस्था/ कम्पनीको विधान / प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि,

(३) स्थायी लेखा दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(४) स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने स्थानीय तह र प्रदेशको सम्बन्धित निकायको सिफारिस पत्र,

(५) संस्थापक सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति पत्रको प्रतिलिपि,

(७) स्वास्थ्य संस्थाको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव,

(८स्वास्थ्य संस्थाले लिने सेवा शुल्क विवरण,

(९) भवनको स्वीकृत नक्सा,

(१०) कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)निवेदक

नामः

पद:

दस्तखतः

# अनुसूची-४

(दफा ५ को उपदफा ३ सँग सम्बन्धित)

## इजाजतपत्रको ढाँचा

**इजाजत पत्र नं.**

श्री............................

..................................................

स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतको लागि मिति ..................... मा प्राप्त भएको निवेदन उपर कारबाही हुँदा त्यस .........................संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति ..............मा निर्णय भएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७ तथा देहायका शर्तहरुको अधीनमा रही म.न.पा./ उ.म.न.पा./नपा/ गा.पा...................... वडा नं. ....... मा ................**शय्या** क्षमताको ( अस्पताल / स्वास्थ्य संस्था) सञ्चालन गर्न जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ को उपनियम (५) बमोजिम यो इजाजतपत्र दिइएको छ।

१. स्वास्थ्य संस्था तथा त्यस्तो संस्थाले प्रदान गर्नुपर्ने सेवा:

२. इजाजतपत्र कायम रहने अवधिः

इजाजतपत्र दिने अधिकारी

–दस्तखतः

नामः

दर्जा:

मितिः

(इजाजतपत्रको पछाडिको पृष्ठमा लेखिने)

इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने सर्तहरु

- स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्बन्धमा स्वमूल्याकनगरी गुणस्तर सुधार गर्दै जानुपर्ने ।
- नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागु गर्नुपर्ने ।
- प्रदेश सरकार अन्तर्गत सञ्चालन हुने भए प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालन हुने भए सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले जारी गरेका नीति तथा कार्यक्रम लागु गर्ने।
- मन्त्रालयले समय समयमा तोकेको अन्य सर्तहरु पालना गर्नुपर्ने ।

इजाजतपत्रको नवीकरण

नविकरण गर्ने निकाय

| स्वस्थ्य संस्थाको नाम र ठेगाना | नवीकरण मिति | बहाल रहने अधिकारीको नाम र पद | दस्तखत | कार्यालय | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची- ५

(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

## नवीकरणको लागि दिइने निवेदनको ढाँचा

श्री ........................कार्यालय

....................................................

विषय :इजाजतपत्र नवीकरण सम्बन्धमा ।

त्यस कार्यालय/निकायबाट मिति............ मा प्रदान गरिएको इजाजतपत्रको अवधि समाप्त हुने भएकोले इजाजतपत्र नवीकरण गराउनको लागि जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १३ को उपनियम (२) बमोजिम यो निवेदन पेश गरेको छु।

संलग्न विवरण कागजातः

- संस्थाको इजाजतपत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र,
- नियम १५ बमोजिमको स्वमूल्याङ्कन प्रतिवेदन नियमित रुपमा पेश गरेको प्रमाण,
- स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धी मापदण्ड कायम गरेको पुष्टयाई सहितको स्वघोषणा,
- नियम १९ बमोजिमको आकस्मिक स्वास्थ्य उपचार कोषमा रकम जम्मा गरेको प्रमाण ।

स्वास्थ्य संस्थाको छाप

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको -

दस्तखतः

नाम थर:

पद:

मितिः

# अनुसूची ६

(१६ उपदफा (ञ) सँग सम्बन्धित)

## बिरामी बडापत्रको ढाँचा

| स.न. | शाखा | प्रदान गरिने सेवा विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमाणीकरण मिति : २०७८/०५/२९

आज्ञाले

**पुरुषोत्तम सापकोटा**

प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर ।

महालक्ष्मी नगरपालिकाबाट मुद्रितः मूल्य रु ५०/-